# श्री जनता सामूदायिक वन उपभोक्ता समूह

## घोडाघोडी न.पा.-१२,कैलाली

काठ लिलाम विक्री सम्बन्धि विस्तृत विवरण सहितको सुचना ॥॥

पहुरा राष्ट्रिय दैनिक काठमाडौं पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८१/३/१८ गते)

उपरोक्ता विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०८०/०८१ कार्यायोजना बमोजिम सुखाखडा ढलापडा, रुखहरुबाट संकलन भई तपसिलको घाटगद्धीमा भएको काठ / दउरा तपसिल बमोजिमको लट कायम गरी जे जस्तो अवस्थामा छ । सोही अवस्थामा सिलवन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नु परेको हुँदा मुल्य अभिवृद्धि करमा दर्जा भएका काठ व्यवसायि फर्म वा उद्योग ले मात्र निम्न सर्तको अध्यनमा रही यो सम्बन्धि सूचना पहुरा राष्ट्रिय दैनिक काठमाडौं पत्रिकामा प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयबाट बोलपत्र खरिद गरि १६ औं दिनको ३.०० बजे भित्र जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय पहलमानपुर कैलाली र यस सा.व.उ.स. को कार्यालयमा सिलवन्दी बोलपत्र दाखिला गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसील

| सि.न. | जात /ग्रेड | ग्रेड परिमाण | | | | | | | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ए | | बि | | सि | | डि | | गो.स. | क्यू.फि. | सालको दाउरा १ चट्टा मिश्रित दाउरा ०.५ चट्टा |
| | | थान | परिमाण | थान | परिमाण | थान | परिमाण | थान | परिमाण | | | |
| १ | साल | १० | १४९.५४ | २१ | २२१.३८ | ६७ | ५३४.१७ | २५ | १२९.४४ | १२३ | १०३४.५३ | |
| २ | अस्ना | | | ८ | १८६.०४ | ५ | १५०.१२ | | | १३ | ३३६.१६ | |
| | जम्मा | १० | १४९.५४ | २९ | ४०७.४२ | ७२ | ६८४.२९ | २५ | १२९.४४ | १३६ | १३७०.६९ | |

१) यो सम्बन्धि सूचना मिति २०८१/३/१८ गतेको पहुरा राष्ट्रिय दैनिक काठमाडौं पत्रिकामा प्रकाशित मितिले १५ दिन भित्रमा मु.अ.कर मा दर्ता भएका काठ व्यवसायि फर्मले रु.१००० । (फिर्ता नहुने गरि) तिरी यस सा.व.उ.स. को कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिने छ ।

२) आफूले सकार गरेको अंकको १०% हुने धरौती वापतको रकम सा.व.उ.स. को नाममा रहेको श्री कृषि विकास बैंकको शाखा कार्यालय सुखडमा रहेका खाता न.०८२२३००४१३०९००११ मा जम्मा गरेको सक्कल भौचर वा नगद वा बैक ड्राफट तथा मु.अ.करमा दर्ता भएको प्रमाणपत्र, काठ, व्यवसायिको प्रमाणपत्रको प्रमाणित प्रतिलीपी समेत बोलपत्र साथ संलग्न गरी शिलवन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

३) बोलपत्र खरिद गर्ने अन्तिम दिन वा बोलपत्र दाखिला गर्ने अनितम दिन विदा परेमा क्रमश: कार्यालय खोल्ने दिनमा उपरोक्त समयमा नै बोलपत्र बिक्री, दर्ता, खोल्ने कार्य हुनेछ ।

४) बोलपत्र पेश गर्दा आफूले सकार गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

५) सिलवन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिनको ३:०० बजे भित्रमा डिभिजन वन कार्यालय, पहलमानपुर र यस सा.व.उ.स.को कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।

६) निर्धारित म्याद भित्र रितपूर्वक दर्ता हुन आएको बोलपत्र सूचना प्रकाशित भएको मितिले १७ औं दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि नभएमा पनि) नियमानुसार खोलिने छ ।

७) पर्न आएको बोलपत्र स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समूहको कार्य समितिमा निहित रहने छ । म्याद नाघि आएको वा शर्त राखेको रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८) बोलपत्र स्वीकृत भएको सूचना बोलपत्र खोलिएको मिति बढीमा ७ दिन भित्र यस सा.व.उ.स.को कार्यालय सूचना पार्टिमा टांस गरिने छ ) यो सूचना टांस भएको मितिले १५ दिन भित्र सम्बन्धि सकारकर्ताले सकार रकम जम्मा गर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा नगरेमा उक्त लटको लागि राखेको धारौटी नियमानुसार जफत गरी १०% भित्र परेका क्रमशः दर रेट अनुसार सकार गरेका दोस्रो, तेस्रो र चौथोलाई रकम दाखिला गर्न सूचना प्रकाशित गरिने छ । सो को जानकारी सकारकर्ता स्वयमले लिनु पर्नेछ ।

९) बोलपत्र खाताले काठ, दाउरा हेर्न चाहेमा उपभोक्ता समूहको घाटगढीमा हेर्न सकिने छ । काठ दाउरा जे जस्तो अवस्थामा छ सोही समेत थप बमोजिम उठाई लैजानु पर्ने छ ।

१०) सकारकर्ताले सकार गरेको सकार रकमको अतिरिक्त नियमानुसार लाग्ने मु.अ. कर संकलन खर्च तथा वन विकास कोषको रकम समेत थप दाखिला गर्नु पर्नेछ ।

(११) अन्य जानकारीका लागि कार्यालय समयमा यस सा.व.उ.स. को कार्यालय तथा डिभिजन वन कार्यालय, पहलमानपुरमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्बत् २०८१ असर महिनाको १८ गते रोज ५ मा शुभम,...............................१